राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं




Monthly Publication

Volume 21, Issue 3 No. 139 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Mangsir-Poush 2078 (Dec.-Jan. 2022)

## महजोडी नेपाल टेलिकमको ब्रान्ड एम्बेसडर नियुक्त



नेपाल टेलिकमले महजोडीको रुपमा चिनिनु भएका कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिबंश आचार्यलाई ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ। नेपाल टेलिकम केन्द्रीय कार्यालयमा गत मंसिर २८ गते आयोजित एक कार्यक्रममा यस सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट तत्कालीन प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र कलाकारद्वयको मिडिया संयोजक शुभ मिडिया होम प्रा.लि. का अध्यक्ष सरोज वली तथा कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिबंश आचार्यले हस्ताक्षर गर्नुभयो।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कला र हास्यव्यङ्ग्य क्षेत्रका दुई नक्षत्रलाई नेपाल टेलिकमको ब्रान्ड एम्बेसडर नियुक्त गर्न पाउँदा गौरवान्वित महसुस गरेको बताउनु भयो। उहाँले छिटो छिटो परिवर्तन भइरहने कम्पनीका सेवा सुविधाहरुका बारेमा आम जनतालाई समयमै सुसूचित गराउन ब्रान्ड एम्बेसडरहरु सहयोगी हुने विश्वास लिएको पनि उल्लेख गर्नुभयो।

कार्यक्रममा कम्पनीका ब्रान्ड एम्बेसडरद्वय मदनकृष्ण श्रेष्ठ र हरिबंश आचार्यले स्वदेशको लगानी भएको मुलुककै सबैभन्दा ठूलो दूरसञ्चार सेवा प्रदायक नेपाल टेलिकम जस्तो संस्थाको ब्रान्ड एम्बेसडर हुन पाएकोमा गौरवान्वित महसुस गरिरहेको बताउनु भएको थियो।

यस सम्झौतापछि ब्रान्ड एम्बेसडरद्वयले नेपाल टेलिकमका सेवाहरुको प्रचारात्मक कार्य तथा ब्रान्ड प्रवर्द्धन एवं संरक्षणको लागि सहयोग गर्नुहुनेछ। हाल एक वर्षको लागि सो सम्झौता सम्पन्न भएको र भविष्यमा सहमतिको आधारमा सम्झौता अवधि थप गर्न सकिने छ। कम्पनीका नायब प्रबन्ध निर्देशक, निर्देशक तथा अन्य उच्च पदाधिकारीहरुको सहभागिता रहेको कार्यक्रममा प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडीले सहभागीहरुलाई स्वागत गर्नुभएको थियो।

## अधिकांश स्थानीय निकायमा फोरजी सेवा उपलब्ध

नेपाल टेलिकमले उपलब्ध गराइरहेको फोरजी सेवा देशका ७२० स्थानीय तहसम्म विस्तार भएको छ। देशभरका ७५३ स्थानीय निकायमध्ये बाँकी स्थानीय निकायमा समेत यथाशीघ्र सेवा उपलब्ध गराउने गरी कार्य भइरहेको छ।

प्रदेश नम्बर १ का १३७ मध्ये १२० स्थानीय निकायमा फोरजी विस्तार भएको छ। यस प्रदेशका हालसम्म फोरजी सेवा उपलब्ध नभएका १७ स्थानीय निकायहरुमा पनि यो सेवा उपलब्ध गराउनका लागि कम्पनी कार्यरत रहेको छ।

नेपाल टेलिकमले मधेश प्रदेशका सबै १३६ स्थानीय निकायमा फोरजी सेवा उपलब्ध गराइसकेको छ। स्थानीय निकायबाहेक त्यहाँ अवस्थित एक राष्ट्रिय निकुञ्ज तथा ३ वटा वन्यजन्तु आरक्षमा पनि फोरजी सेवा विस्तार गरिएको छ।

यसैगरी मुलुकको राजधानी समेत रहेको वागमती प्रदेशका सबै ११९ वटै स्थानीय निकायमा फोरजी सेवा उपलब्ध गराइएको छ। वागमती प्रदेशकै एक राष्ट्रिय निकुञ्जमा पनि यो सेवा उपलब्ध भएको छ। गण्डकी प्रदेशका पनि सबै ८५ स्थानीय निकाय र लुम्बिनी प्रदेशका १०९ वटै स्थानीय निकायमा पनि फोरजी सेवा उपलब्ध भएको छ। लुम्बिनी प्रदेशका २ वटा राष्ट्रिय निकुञ्जमा पनि फोरजी सेवा सञ्चालन गरिएको छ।

कर्णाली प्रदेशका ७९ स्थानीय निकायहरुमध्ये ५७ स्थानीय निकायमा फोरजी सेवा पुगेको छ भने २२ स्थानीय निकायमा सेवाको पहुँच पुऱ्याउने योजनामा कम्पनी कार्यरत रहेको छ। सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय निकायमध्ये ८८ वटै स्थानीय निकायमा फोरजी सेवा पुगेको छ।

नेपाल टेलिकमले नेपालमा नै पहिलो पटक २०७३ पौष १७ गतेबाट काठमाडौं र पोखरामा शुरु गरेको फोरजी सेवालाई २०७६ असोज १५ गते अत्याधुनिक प्रविधिमा अपग्रेड गरी एलटीई सुविधा सहित देशभर विस्तार गरिरहेको छ।

मोबाइल इन्टरनेटको क्षेत्रमा Long Term Evolution (LTE) भनिने फोरजी प्रविधि

(बाँकी २ पेजमा)

## नवनियुक्त निमित्त प्रबन्ध निर्देशकद्वारा पदभार ग्रहण



नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को निमित्त प्रबन्ध निर्देशकमा कम्पनीका नायव प्रबन्ध निर्देशक प्रतिभा वैद्य नियुक्त हुनुभएको छ। नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्रबन्ध निर्देशकको पदका लागि दरखास्त आह्वान भएको, तर हाल सो प्रक्रिया सम्पन्न भइनसकेको परिस्थितिमा नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०७८।९।१८ को पत्रानुसार कम्पनीका नायव प्रबन्ध निर्देशक प्रतिभा वैद्यलाई मन्त्रालय (सचिवस्तर) को निर्णयानुसार निमित्त प्रबन्ध निर्देशक भई कामकाज गर्न तोकिएको छ। कम्पनीको नायब प्रबन्ध निर्देशकको रुपमा प्रमुख प्राविधिक अधिकृतको कार्यभार सम्हाल्दै आउनु भएको उहाँले २०७८ पुस १९ गतेदेखि निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हाल्नु भएको हो।

नवनियुक्त निमित्त प्रबन्ध निर्देशक वैद्यले केन्द्रीय कार्यालयमा आयोजित एक समारोहकाबीच प्रबन्ध निर्देशकको कार्य आरम्भ गर्नुभएको थियो। सो अवसरमा कम्पनीका नायव प्रबन्ध निर्देशकहरु, प्रबन्धकहरु लगायत कर्मचारीहरुको सहभागिता रहेको थियो।

जिम्मेवारी सम्हालेपछि नवनियुक्त निमित्त प्रबन्ध निर्देशक वैद्यले नेपाल सरकारको योजना

(बाँकी २ पेजमा)

(१ पेजको बाँकी)

## नवनियुक्त निमित्त ....

तथा कार्यक्रमलाई सहयोग हुने कार्यक्रमहरु, कम्पनीको सञ्चालक समितिको निर्णय र मार्ग निर्देशनहरु तथा नियामक निकाय लगायत अन्य सरोकारवालाको तर्फबाट प्राप्त हुने सल्लाह, सुझाव, गुनासाहरु छिटो/छरितो तथा उचित रुपले सम्बोधन गर्ने कार्यमा सबै निर्देशनालय, विभाग, कार्यालयमा कार्यरत कर्मचारी मित्रहरु तथा कम्पनीमा क्रियाशील ट्रेड युनियनहरुबाट विगतमा जस्तै सहयोग प्राप्त हुने अपेक्षा गर्दै कम्पनीको उत्तरोत्तर प्रगतितर्फ एकजुट भई अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

(१ पेजको बाँकी)

## अधिकांश स्थानीय निकायमा फोरजी ...

मोबाइलमार्फत उच्च गतिको इन्टरनेटका साथै उच्च गुणस्तरको भ्वाइस कल सेवा (VoLTE) पनि उपयोग गर्न सकिने अत्याधुनिक प्रविधि हो । फोरजीबाट प्राप्त हुने इन्टरनेटको स्पिड उच्च हुने हुँदा गुणस्तरीय श्रव्य-दृश्य सामाग्रीहरु, गेम लगायत बढी ब्याण्डविथ आवश्यक हुने इन्टरनेट सामग्रीहरु सजिलै हेर्न तथा सुन्न सकिन्छ ।

### कम्पनीको फोरजी सेवाको ग्राहक आधार

फोरजी सेवाको ग्राहक आधारमा नेपाल टेलिकम पहिलो बनेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको पछिल्लो (२०७८ कात्तिक) प्रतिवेदन अनुसार नेपाल टेलिकमका ७४ लाख ८५ हजार ४३० फोरजी प्रविधिका ग्राहक छन् । त्यसैगरी प्रतिवेदन अनुसार थ्रीजीका ग्राहक १ करोड १ लाख ६८ हजार ९५७ छन् ।

नेपाल टेलिकमले प्रकाशित गरेको पछिल्लो (२०७८ कात्तिकको) प्रतिवेदन (MIS Report) अनुसार नेपाल टेलिकमका २ करोड २५ लाख २५ हजार ग्राहक छन् । ती मध्ये ल्यान्डलाइन सेवाका ग्राहक ५ लाख ३६ हजार, इन्टरनेट तथा इमेल सेवाका ग्राहक २ करोड १८ लाख ३८ हजार १६६ र एफटीटीएच भ्वाइस सेवाका ग्राहक १ लाख ६३ हजार ९३५ छन् । इन्टरनेट तथा इमेल ग्राहक मध्ये जीएसएम टुजी, थ्रीजी र फोरजीका ग्राहक २ करोड १३ लाख ८६ हजार ४५५ छन् । त्यसैगरी एफटीटीएच डाटाका ग्राहक १ लाख ५१ हजार ६७६ छन् ।

प्रतिवेदन अनुसार नेपाल टेलिकमका टुजी ग्राहक ३७ लाख ३२ हजार ६८, थ्रीजी ग्राहक १ करोड १ लाख ६८ हजार ९५७ र फोरजी ग्राहक ७४ लाख ८५ हजार ४३० छन् ।

# दूरसञ्चार तालिम केन्द्रको गतिविधि



दूरसञ्चार तालिम केन्द्रले आर्थिक वर्ष २०७८/७९ मा कुल ७५ वटा कार्यक्रममार्फत १ हजार ४२१ प्रशिक्षार्थीलाई तालिम दिने गरी वार्षिक तालिम योजना तयार पारेको छ । यस अन्तर्गत अर्थ तथा राजस्वतर्फको तालिममा ६ वटा कार्यक्रममार्फत १२० जना, सूचना प्रविधितर्फ १५ बटा कार्यक्रममार्फत २४० जना, व्यवस्थापनतर्फ ८ वटा कार्यक्रममार्फत १६० जना र व्यापार व्यवस्थापनतर्फ ६ वटा कार्यक्रममार्फत १२० जना प्रशिक्षार्थीलाई तालिम दिने कार्यक्रम रहेको छ । त्यसैगरी पावरतर्फ ६ वटा कार्यक्रममार्फत १०० जना, वायरलेस ट्रान्समिसनतर्फ ११ वटा कार्यक्रममार्फत १९६ जना, वायरलाइन एक्सेस नेटवर्कतर्फ १९ वटा कार्यक्रममार्फत ३८० जना र नलेज शेयरिङ कार्यक्रमतर्फ ४ वटा कार्यक्रममार्फत १०५ जना प्रशिक्षार्थीलाई तालिम प्रदान गर्ने योजना रहेको छ ।

चालु आर्थिक वर्षमा पुसको पहिलो सातासम्ममा केन्द्रले ३१ वटा तालिम कार्यक्रममार्फत ५८१ प्रशिक्षार्थीहरुलाई तालिम दिइसकेको छ । यस अन्तर्गत अर्थ तथा राजस्वतर्फ ३ वटा कार्यक्रममार्फत ५७ जना, सूचना प्रविधितर्फ ६ वटा कार्यक्रममार्फत १०२ जना, व्यवस्थापनतर्फ ४ वटा कार्यक्रममार्फत ६१ जना, व्यापार व्यवस्थापनतर्फ ३ वटा कार्यक्रममार्फत ६४ जना, पावरतर्फ २ वटा कार्यक्रममार्फत २१ जना, वायरलेस एक्सेस नेटवर्कतर्फ ७ वटा कार्यक्रममार्फत १२८ जना, वायरलेसतर्फ ४ वटा कार्यक्रममार्फत ७२ जना र नलेज सेयरिङ प्रोग्राममा २ वटा कार्यक्रममार्फत ५७ जनाले तालिम लिएका छन् ।

यी बाहेक सम्बन्धित विभाग र निर्देशनालयबाट माग भई आएमा तालिम केन्द्रले अन-डिमान्ड तालिम समेत उपलब्ध गराउँदै आएको छ ।

तालिम केन्द्रले गत आर्थिक वर्ष (आ.व.२०७७/७८) मा कुल ३२ वटा तालिममार्फत जम्मा ४३५ प्रशिक्षार्थीहरुलाई विभिन्न तालिम दिने लक्ष्य राखेको थियो । कोभिड-१९ को महामारीको समयमा पनि केन्द्रले अनलाइन प्रविधि समेत प्रयोग गरी कुल २८ वटा तालिममार्फत ६०१ प्रशिक्षार्थीहरुलाई तालिम दिएको थियो ।

दूरसञ्चार तालिम केन्द सम्बन्धी विविध जानकारी



केन्द्रको वेबसाइट https://ttc.ntc.net.np/ बाट थाहा पाउन सकिन्छ । नेपाल टेलिकमका कर्मचारीहरुले आफूले लिन चाहेको तालिम https://ttc.ntc.net.np/ttc_applyOnline.php मार्फत अनलाइन रुपमा भर्न र तालिममा सहभागी हुन पाउने व्यवस्था समेत गरिएको छ ।

### प्रादेशिक निर्देशनालयमा तालिम

दूरसञ्चार तालिम केन्द्रले तालिम केन्द्रभन्दा बाहिर विराटनगर र धनकुटामा समेत तालिम सम्पन्न गरेको छ । प्रादेशिक निर्देशनालय विराटनगरमा सूचना प्रविधि अन्तर्गतको Basic Course for SIM Sales through Dealer र Basic Course for Inventory को तीन दिने तालिम गत मंसिर २२ देखि २४ गते सम्पन्न गरेको थियो । दुवै तालिममा प्रादेशिक निर्देशनालय, विराटनगर अन्तर्गतका १६/१६ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

त्यसैगरी मंसिर २० गतेदेखि २२ गतेसम्म दूरसञ्चार कार्यालय धनकुटामा वायरलेस एक्सेस नेटवर्क विङ अन्तर्गत FTTH Service Installation And Maintenance विषयको तालिम सम्पन्न भएको थियो ।

## विकट र दुर्गम वस्तीहरुमा कम्पनीको दूरसञ्चार सेवा

नेपाल टेलिकमले हेलिकप्टरबाट उपकरणहरु ढुवानी गरी मुलुकका अत्यन्त दुर्गम र विकट स्थानमा रहेका वस्तीहरुमा दूरसञ्चार र सूचना प्रविधिको पहुँच पुऱ्याउँदै आएको छ । हेलिकप्टरबाट उपकरण ढुवानी गरी कम्पनीले यस आर्थिक वर्षमा अति दुर्गम र विकट ८ (आठ) स्थानहरुमा जिएसएम टुजी र फोरजी सेवा उपलब्ध गराएको छ ।

सोलुखुम्बु जिल्लाको लुक्ला, स्याङबोचे (एयरपोर्ट), नाम्चेबजार र ताक्सिन्दु, गोरखा जिल्लाको छेकम्पार, बिही (गर्ज्याङ डाँडा) र न्याक तथा मनाङ जिल्लाको ओडार भ्यु-प्वाइन्टमा हेलिकप्टरबाट उपकरणहरु ढुवानी गरी नयाँ टावरबाट सेवा सञ्चालन गरिएको छ । यी टावरमार्फत कम्पनीले सेवाग्राहीलाई टुजी र फोरजी सेवा उपलब्ध गराएको छ ।

सोलुखुम्बुको लुक्ला साइटबाट खुम्बु पासाङल्हामु गाउँपालिकाका वडा नम्बर २ र ३ का लुक्ला, सुर्के, मुसे, नाजिपाङ, चौरीखर्क, स्याङमा र सगरमाथा पदमार्ग लगायतका क्षेत्रमा टुजी र फोरजी सेवा उपलब्ध भएको छ । स्याङबोचे एयरपोर्ट साइटबाट सोही गाउँपालिकाको वडा नम्बर ४ का वस्तीहरु र नाम्चेबजार साइटबाट वडा नम्बर ३ र ५ का नाम्चे, कोङदे, जोरसल्लो लगायतका क्षेत्रमा सेवा उपलब्ध भएको छ । त्यसैगरी टाक्सिन्दु साइटबाट वडा नम्बर १ का नुनथला, खरिखोला, थामडाँडा, बुप्सा, पान्गोम र सगरमाथा पदमार्ग लगायतका क्षेत्रमा सेवा उपलब्ध भएको छ ।

गोरखाको छेकम्पार साइटबाट चुमनुब्री गाउँपालिका वडा नम्बर ४ अन्तर्गतका छेकम्पार, छोकाङसहित छिमेकी राष्ट्र चीनसँग जोडिएका पर्यटकीय क्षेत्रहरुमा सेवा उपलब्ध भएको छ । गोरखाकै बिही (गर्ज्याङ डाँडा) नयाँ साइटबाट सोही गाउँपालिकाको वडा नम्बर ५ अन्तर्गत क्वाकडाँडा, बिही गाउँ, सराङ गुम्बा ल्हो, प्रोक, सामा, लार्केपाससहित मनास्लु ट्रेकिङ रुटलगायतका क्षेत्र र न्याक साइटबाट वडा नम्बर ३ अन्तर्गत न्याक, लिक्पा, डेंग, सिर्दिबास फिलिम, भान्सिङ र मनास्लु ट्रेकिङ रुटलगायतका क्षेत्रहरुमा सेवा उपलब्ध भएको छ । मनाङको ओडार भ्यु प्वाइन्ट साइटबाट न्यासो गाउँपालिका अन्तर्गत ओडार, नाचे, थोंचे, धारापानी, तिल्चेलगायतका क्षेत्रमा सेवा उपलब्ध भएको छ ।

यसैगरी अन्य ३ (तीन) दुर्गम र विकट स्थानहरुमा हेलिकप्टरबाटै सामान ढुवानी गरी निकट भविष्यमा नेपाल टेलिकमले टुजी र फोरजी सेवा सञ्चालन गर्ने तयारी गरिरहेको छ । सोलुखुम्बु जिल्लाको खुम्बु पासाङ ल्हामु गाउँपालिकाको फाक्डिङ र नाचिपाङ तथा दार्चुला जिल्लाको व्यास गाउँपालिकाको छाङरु साइटमा टावर स्थापना गरी सेवा सञ्चालन गरिनेछ ।

हाल यी स्थानहरुमा संरचना निर्माण भइरहेको छ र निकट भविष्यमै टुजी तथा फोरजी सेवा सञ्चालनमा आउने छ । सेवा सञ्चालनमा आए पश्चात यी क्षेत्रका सेवाग्राहीले गुणस्तरीय भ्वाइस तथा डाटा सेवा प्रयोग गरी लाभ लिन सक्नेछन् । तुलनात्मक रुपमा लगानी बढी हुने तर व्यावसायिक रुपले प्रतिफल प्राप्त नहुने यस्ता अति दुर्गम र विकट स्थानहरुमा समेत नेपाल टेलिकमले दूरसञ्चार सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ ।

# प्रादेशिक निर्देशनालय, अत्तरिया, सुदूरपश्चिम प्रदेशको गतिविधि




नेपाल टेलिकमको पुनर्संरचना पश्चात साविकको क्षेत्रीय निर्देशनालय अत्तरिया अब प्रादेशिक निर्देशनालय अत्तरिया, सुदूरपश्चिम प्रदेशमा रुपान्तरण भएको छ। यस निर्देशनालय अन्तर्गत कैलाली, डोटी, अछाम, बझाङ, बाजुरा, कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला गरी ९ वटा जिल्ला तथा दू.सं.का. धनगढी, दू.सं.का. महेन्द्रनगर र दू.सं.का. डडेल्धुरा गरी ३ वटा लेखा कार्यालय सञ्चालनमा छन्।

प्रदेश अन्तर्गत ९ वटै जिल्लामा गरी ६८ वटा वायरलाइन एक्सचेन्ज (MSAN/MSAG/VOIP/DSLAM) रहेका छन्। यस प्रदेशमा रहेका ६८ वटै एक्सचेन्जबाट पुराना प्रविधिमा आधारित टेलिफोन लाइन तथा एडीएसएल इन्टरनेट सेवालाई एफटीटीएचमा आधारित अप्टिकल नेटवर्कमा रुपान्तरण गर्ने क्रममा विगत २ वर्षमा ७ हजार ९ सय लाइन रुपान्तरण र ४ हजार २ सय लाइन नयाँ जडान गरी जम्मा १२ हजार १ सय लाइन एफटीटीएच नेटवर्कमा आबद्ध भएका छन्। त्यसैगरी करिब ३० हजार लाइन क्षमताको एफटीटीएच नेटवर्क विस्तार भइसकेको छ र चालु आ.व. मा करिब २० हजार लाइन थप गरी आर्थिक वर्षको अन्त्यसम्ममा जम्मा ५० हजार लाइन क्षमताको नेटवर्क तयार हुनेछ।

चालु आ.व.को एफटीटीएच नेटवर्क विस्तारको लक्ष्य प्राप्ति गर्न २४ वटा FDCs को सम्झौता कार्यान्वयनमा रहेको छ भने अरु ३० वटा FDCs को कार्यान्वयनको लागि टेन्डर हुँदैछ। गत कात्तिक महिनाको अन्त्यसम्ममा एफटीटीएच नेटवर्क विस्तारको ५० प्रतिशत लक्ष्य हासिल भएको छ।

कपर नेटवर्कमा सञ्चालित विभिन्न एक्सचेन्जलाई एफटीटीएचमा रुपान्तरण गर्ने क्रममा कैलाली जिल्लाको लम्की र भजनी, डोटी जिल्लाको सिलगढी, दिपायल र बुडर, अछाम जिल्लाको दशरथ चन्द र पाटन तथा दार्चुला जिल्लाको गोकुलेश्वर गरी १० वटा पीएसटीएन एक्सचेन्जका सम्पूर्ण कपर लाइनहरु विस्थापन गरिएका छन्। हालसम्म एफटीटीएचको पहुँच पुगेको धनगढी, टिकापुर, लम्की, अत्तरिया, खानीडाँडा, महेन्द्रनगर, बुडर, दिपायल, सिलगढी, डोटी, मंगलसेन, साँफेबगर, बैतडी, बैतडी पाटन र गोकुलेश्वर दार्चुला गरी १७ स्थान रहेका छन्। दार्चुला खलंगा, बझाङ चैनपुर र बाजुरा मार्तडी गरी ३ जिल्ला सदरमुकाममा एडीएसएस अप्टिकल फाइबर नपुगेका कारण एफटीटीएचको पहुँच स्थापित हुन सकेको छैन। एफटीटीएच सेवा विस्तार गर्दा ODN N/W (FDC) को कार्य Outsource बाट र एफटीटीएच फिडर नेटवर्कको कार्य टेलिकमकै दक्ष जनशक्तिमार्फत हुँदै आएको छ, जसको लागि धनगढी, अत्तरिया र महेन्द्रनगरमा Trenching, Ducting तथा OFC Blowing कार्य भइरहेको छ।

हालसम्म जम्मा ६३ वटा FDC नेटवर्क तयार भइसकेका छन्, जसमध्ये सबैभन्दा धेरै धनगढी OLT अन्तर्गत २६ वटा FDCs (13000 home pass) सञ्चालनमा छन्। सुदूर पश्चिम प्रादेशिक निर्देशनालय अन्तर्गत अप्टिकल फाइबरको पहुँच पुगेका सबै जिल्ला सदरमुकामहरुमा एफटीटीएच सेवा सञ्चालनमा आइसकेको छ।


खप्तडमा अवस्थित नेपाल टेलिकमको टावर

## वायरलेसतर्फको कार्य प्रगति विवरण

4G/LTE आयोजना अन्तर्गतका जम्मा ३८४ साइटहरु मध्ये हालसम्म ३५६ साइट (576 ENB) सञ्चालनमा आइसकेका छन् र बाँकी साइटहरु सञ्चालन हुने क्रममा छन्। यस अनुसार सुदूरपश्चिम प्रदेशमा 4G/LTE Project को ९२ प्रतिशत काम सम्पन्न भइसकेको छ।

4G/LTE Project अन्तर्गत ८१ वटा नयाँ टावर थप गर्ने योजना बमोजिम ७५ स्थानमा टावर निर्माण कार्य सम्पन्न भइसकेको छ। यस निर्देशनालयबाट पनि थप ११ वटा टावर निर्माण गरी फोरजी उपकरण जडान सम्पन्न भएको छ।

2G/3G/4G सेवाको गुणस्तर सुधार तथा कभरेज बढाउन अरु टावर थप गर्न यस निर्देशनालयबाट ५ वटा २५ मिटर टावर खरिद भई जडानको क्रममा छन् भने वायरलेस सेवा निर्देशनालयको Project मार्फत १० वटा टावर जडान गरिँदैछ।

यस प्रदेशका ८८ स्थानीय तह मध्ये ८२ तहमा फोरजीको पहुँच पुगेको छ भने बाँकी स्थानीय तहको केन्द्रमा फोरजीको पहुँच पुऱ्याउन तदारुकताका साथ कार्य भइरहेको छ।

2G/3G/4G सेवाको गुणस्तर बढाउन अप्टिकर फाइबर पुऱ्याउन सकिने कैलाली र कञ्चनपुर जिल्लाका ३९ साइटसम्म ३८ किलोमिटर अप्टिकल फाइबर निर्देशनालयमार्फत पुऱ्याइएको छ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको कालापानी क्षेत्रमा VSAT मार्फत सिडिएमए मोबाइल सञ्चालन भइराखेकोमा सो क्षेत्रमा माइक्रोवेभ रेडियोमार्फत GSM 2G/4G सेवाको पहुँच पुऱ्याउन छाङ्गरुमा टावर निर्माण कार्य सम्पन्न भइसकेको छ भने निकै दुर्गम ब्रम्हलेकमा घर निर्माण सम्पन्न भएको छ। यहाँ २० मिटर टावर निर्माणको क्रममा छ र निकट भविष्यमै कालापानी क्षेत्रमा फोरजीको पहुँच पुग्ने छ।

मोबाइल सेवालाई थप प्रभावकारी बनाउन तथा सेवाको गुणस्तर सुधार गर्न तराई तथा पहाडका विभिन्न ६ वटा साइटहरुमा १५/५ KVA का जेनेरेटरहरु सिल्ड कोटेशनमार्फत जडानको क्रममा रहेका छन्।

कम्पनीको सेवा विस्तार भएका तर ग्राहक कम रहेका स्थानहरुमा बजार विस्तार गर्ने लक्ष्य अनुरुप कञ्चनपुर जिल्लाको दक्षिणी क्षेत्र पुनर्वास तथा बेलौरी र महाकाली पारीको नगरपालिका दोधारा चाँदनीमा नि:शुल्क सिम वितरण गर्ने अभियान चलाइएको छ।

यस प्रदेश अन्तर्गत फोरजी एटीई (B20) मात्र जडान भएका साइटहरुमा भ्वाइस सेवा प्रभावकारी हुन नसकेको स्थानीय जनगुनासोलाई सम्बोधन गर्न प्रादेशिक निर्देशनालयबाट फोरजी मात्र भएका साइटहरुमा जिएसएम टुजी बिटिएस जडान गरी भ्वाइस सेवा प्रदान गर्ने कार्य भइरहेको छ।

# नयाँ आइफोन खरिदकर्तालाई कम्पनीको डाटा प्याकेज

नेपाल टेलिकम र नेपालका लागि एप्पलको आधिकारिक बिक्रेता (Apple Authorised Reseller) इभोलुसन ट्रेडिङ प्रा.लि. (Evo Store) को सहकार्यमा एप्पलको मोबाइल फोन (आइफोन) खरिदकर्ताहरुका लागि कम्पनीको डाटा प्याकेज बण्डलिङ गरी उपलब्ध गराइएको छ। यस सम्बन्धी सम्झौता पत्रमा नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र इभोलुसन ट्रेडिङ प्रालिका निर्देशक तरुण बज्राचार्यबाट २०७८ कार्तिक १० गते हस्ताक्षर सम्पन्न भएको थियो।

उल्लिखित सम्झौता अनुसार इभोलुसन ट्रेडिङका काठमाडौं उपत्यकामा रहेका ७ वटा र उपत्यका बाहिर सञ्चालन हुने आउटलेटहरुमार्फत आइफोन १३ वा सो भन्दा माथिल्लो भर्सनका आइफोन खरिद गर्ने ग्राहकलाई प्रतिमहिना ५ जीबी डाटा चलाउन मिल्ने प्याकेज १२ महिनाका लागि निःशुल्क उपलब्ध गराइने छ।

नेपाल टेलिकमका ग्राहकले हाल प्रयोग गरिरहेको नेपाल टेलिकमको पोस्टपेड वा प्रिपेड सिम नै नयाँ खरिद गर्ने iPhone 13 (आइफोन १३) मा प्रयोग गर्ने अवस्थामा उल्लिखित डाटा प्याकेज सोही सिममा उपलब्ध गराइने छ। उक्त iPhone 13 (आइफोन १३) मा नेपाल टेलिकमको नयाँ सिम लिई प्रयोग गर्न चाहने ग्राहकलाई कम्पनीले नयाँ प्रिपेड सिम इभो स्टोर (Evo Store) मार्फत निःशुल्क उपलब्ध गराउने छ। यो सिममा मेन ब्यालेन्स रु. १० र थप ब्यालेन्स रु. ४० उपलब्ध हुनेछ। उक्त थप ब्यालेन्सबाट कम्पनीको नेटवर्क भित्र ४० मिनेट भ्वाइस कल र २० वटा सन्देशका साथै ६० एमबी डाटा एक महिनाभित्र उपयोग गर्न सकिनेछ।



# टेलिकमका ग्राहकलाई ग्लोबल आइएमई बैंकको मोबाइल बैंकिङ एप्लिकेसन

नेपाल टेलिकमको सिम प्रयोग गरिरहेका ग्राहकहरुका लागि ग्लोबल आइएमई बैंक लिमिटेडको मोबाइल बैंकिङ्ग एप्लिकेसन 'ग्लोबल स्मार्ट र ग्लोबल स्मार्ट प्लस' चलाउन बैंकले निःशुल्क मोबाइल डाटा उपलब्ध गराउने भएको छ।

नेपाल टेलिकमको सिम भएका ग्राहकहरूलाई उपलब्ध हुने यो सुविधा ग्राहकहरूलाई नवीनतम प्रविधिमा अभ्यस्त गराउँदै बैंक नै आफ्नो हातमा पुर्‍याउने उद्देश्यकासाथ अगाडि बढाइएको हो।

यो सुविधा प्रदान गर्नका लागि गत मंसिर ७ गते भएको सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी र ग्लोबल आइएमई बैंक लिमिटेडको तर्फबाट बजार तथा व्यवसाय प्रवर्द्धन प्रमुख शान्ता शिवाकोटीले हस्ताक्षर गर्नुभयो।

नयाँ खाता खोल्दा ग्राहकहरुलाई नेपाल टेलिकमको प्रिपेड फोरजी सिमकार्ड समेत निःशुल्क प्राप्त हुनेछ। यो सिमकार्डमा रु. १० मेन ब्यालेन्स रहनेछ भने एक महिनाभित्र प्रयोग गर्न सकिने



गरी ६० एमबी डाटा, कम्पनीकै नेटवर्कमा ४० मिनेट कुरा गर्न सकिने समयावधि र कम्पनीको नेटवर्कमा १० वटा एसएमएस पठाउन सकिने सुविधा उपलब्ध छ।

# स्थानीय निकायका सबै कार्यालयमा ब्रोडब्यान्ड इन्टरनेट सेवा उपलब्ध गराइने

नेपाल टेलिकमले देशका सबै स्थानीय तहहरु र अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य कार्यालयहरु, सामुदायिक विद्यालयहरु र स्थानीय तहमा रहेका अन्य सरकारी कार्यालयहरुमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल टेलिकमबीच २०७८ पुस १ गते सम्पन्न सम्झौता अनुसार टेलिफोन तथा ब्रोडब्यान्ड इन्टरनेट सेवा उपलब्ध गराउने भएको छ।

उक्त सम्झौता पत्रमा मन्त्रालयको तर्फबाट सहसचिव डा. गोपीकृष्ण खनाल र कम्पनीको तर्फबाट तत्कालीन प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले हस्ताक्षर गर्नुभएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यी कार्यालयहरुमा टेलिफोन तथा ब्रोडब्यान्ड सेवा उपलब्ध गराउने सम्बन्धमा माग संकलन तथा कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तह र नेपाल टेलिकमसँग आवश्यक सहजीकरण तथा समन्वय गर्नेछ। त्यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणमा रहेको ग्रामीण दूरसञ्चार कोष प्रयोग गरी नेपाल टेलिकममार्फत सञ्चालित परियोजना कार्यान्वयनमा मन्त्रालयले नेपाल टेलिकम र स्थानीय तहलाई आवश्यक समन्वय र सहजीकरण गर्नेछ। साथै मन्त्रालयले सेवा विस्तारको लागि स्थानीय तहमार्फत आवश्यक पर्ने Right of Way उपलब्ध गराउन सहजीकरण गरिदिने छ।

सम्झौता अनुसार नेपाल टेलिकमले सबै स्थानीय तहहरु र अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य कार्यालयहरु, सामुदायिक विद्यालयहरु र अन्य सरकारी कार्यालयहरुमा टेलिफोन तथा ब्रोडब्यान्ड इन्टरनेट सेवा उपलब्ध गराउन मन्त्रालयको समन्वयमा योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ। स्थानीय तहको वेबसाइट तथा अनलाइन सेवाको लागि प्रयोग हुने वेब बेस्ड एप्लिकेसन (Web Based Application) को लागि निःशुल्क इन्टरनेट उपलब्ध गराउने छ। यसका लागि कम्पनीले विभिन्न प्याकेजको व्यवस्था गर्नेछ भने ग्रामीण सूचना केन्द्रहरुको स्थापना, हार्डवेयर तथा सफ्टवेयरको व्यवस्था र डिजिटल नेपालको अभियानलाई संस्थागत गर्न र विभिन्न सेवा विस्तारको लागि पूर्वाधार विकास एवं विस्तार गर्न आवश्यक सहकार्य गर्नेछ। त्यसैगरी हाल भीस्याटमार्फत भ्वाइस सेवा मात्र उपलब्ध भइरहेका अति दुर्गम स्थानहरुमा दूरसञ्चार सेवा प्रदायकहरु समेतको सहकार्यमा मोबाइल ब्रोडब्यान्ड सर्भिस लगायतका सेवा सञ्चालन गर्ने गराउने छ।

# दुर्गममा कम्पनीको दिगो सेवा उपलब्ध

मुलुकको अति दुर्गम स्थानहरु मध्येको सोलुखुम्बु जिल्लाका सेवाग्राहीहरुले हालै सम्पन्न गरिएको अप्टिकल फाइबर लिंक स्थापना पश्चात दिगो र निरन्तर दूरसञ्चार सेवा प्रयोग गर्न पाउने भएका छन्। नेपाल टेलिकमले हिमाली जिल्ला सोलुखुम्बुलाई पहिलो पटक अप्टिकल फाइबर लिंकबाट जोडेपछि सेवाको गुणस्तरमा थप वृद्धि हुने भएको हो। समुद्री सतहबाट ३ हजार मिटर उचाईमा रहेको सोलुखुम्बु जिल्लाको पत्ताले रिपिटर स्टेशनलाई गत कात्तिक ११ गते १० जीबीपीएस क्षमताको फाइबर लिंकबाट जोडिएको हो।

रेडियो लिंकको स्वाभाविक गुण तथा क्षमताको सीमितताले गर्दा विगत लामो समयदेखि सेवाग्राहीहरुको आवश्यकता र चाहना भए तापनि उच्च गति तथा गुणस्तरका सेवा उपलब्ध हुन सकेको थिएन। नयाँ अप्टिकल फाइबर लिंक सञ्चालनमा अप्रत्याशित समस्या भएमा रेडियो लिंकलाई तुरुन्तै प्रयोग गर्न सकिने भएकाले सेवाको नियमित उपलब्धतामा सहयोग पुग्ने देखिन्छ।

पत्ताले रिपिटरलाई फाइबरबाट लिंक गरिसकेपछि सगरमाथा आधार शिविर, खुम्जुङ, नाम्चे, लुक्ला, सल्लेरी, फाप्लु लगायत उच्च हिमाली क्षेत्र र सोलुखुम्बु जिल्लाको सम्पूर्ण टेलिफोन, इन्टरनेट तथा फोरजी सेवाहरुको गुणस्तर अभिवृद्धि हुनेछ। यसका साथै यो लिंकबाट ओखलढुंगा तथा खोटाङ जिल्लाका टावरहरुको मोबाइल ट्राफिक आदान प्रदान गर्न सहज हुनेछ।

विगतका वर्षहरुमा यी क्षेत्रमा टेलिफोन सेवाको गुणस्तरीयताका बारेमा टिका टिप्पणी हुने गरेको सन्दर्भमा अप्टिकल फाइबर लिंकको प्रयोगसँगै अब उप्रान्त ग्राहकवर्गले गुणस्तरीय सेवाको अनुभव गर्नसक्ने अपेक्षा गरिएको छ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Rajesh Joshi Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal